# पूर्वमन्त्री मोतिप्रसाद पहाडीको निधन

**हिमालय टाइम्स**

**नेपालगञ्ज, २३ वैशाख**

कोरोना संक्रमणबाट पूर्वमन्त्री मोतिप्रसाद पहाडीको मृत्यु भएको छ । सक्रमण देखिएपछि घर मै होम आइसोलेशनमा बस्नुभएका ७८ वर्षीय पहाडी बुधबार नेपालगञ्जको भेरी अस्पतालमा भर्ना हुनुभएको थियो । उहाँको बुधबारराति नै मृत्यु भएको थियो ।



डोल्पा घर भएका पहाडी पछिल्ला दिनहरूमा नेपालगञ्जमा बसोबास गर्दै आउनुभएको थियो । पहाडी २०३८ सालमा सूर्य बहादुर थापाको मन्त्री मण्डलमा निर्माण तथा यातायात सहायक मन्त्री बन्नुभएको थियो । २०५२ सालको शेर बहादुर देउवा मन्त्रिमण्डलमा पनि पहाडी मन्त्री बन्नुभएको थियो । २०४६ सालको परिवर्तनपछि कांग्रेसमा प्रवेश गर्नुभएका उहाँ २०५१ सालमा स्वतन्त्र उम्मेदवार भई चुनाव जित्नुभएको थियो ।

२०५२ सालमा शेरबहादुर देउवा नेतृत्वको सरकारमा पहिले कानुन राज्यमन्त्री, पछि वन तथा भू संरक्षण र आपूर्ति मन्त्री बन्नुभएको थियो उहाँ । उहाँको निधनमा नेपाली कांग्रेसले शोक विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गरेको छ ।

## एमाले...

« पृष्ठ १ बाट क्रमशः

राष्ट्रियसभा सदस्यमा ओली पक्षले रामबहादुर थापालाई उठाउने तयारी गरेको छ । तर, माओवादी, कांग्रेस र जसपाले बादलको प्रतिस्पर्धीका रूपमा डा. खिमलाल देवकोटालाई उठाउने निर्णय गरेको छ । यो प्रतिस्पर्धामा बादल हार्ने अड्कलबाजी तीव्र बनेका बेला ओलीले बादललाई जिताउन तयारी बलियो बनाउन पार्टी पंक्तिलाई निर्देशन दिनुभएको हो ।

बैठकमा बागमती प्रदेशभित्र एमालेको एकल बहुमत रहे पनि माधव नेपाल पक्षले कांग्रेस र माओवादीसँग गठबन्धन गरेर खिमलाल देवकोटालाई माओवादीको चुनाव चिन्हबाट लडाउने निर्णय गरेकाले त्यसबाट काटिने भोटको बारेमा विश्लेषण भएको पनि बताइएको छ । माधव नेपाल पक्षमा लाग्ने प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिको संख्यासमेत हेरेर थप निर्णय गरिने बताइएको छ ।

यस्तै, लुम्बिनी प्रदेशमा विकसित राजनीतिक परिवेश र ओलीले लिने भनेको विश्वासको मतबारे पनि बैठकमा छलफल भएको छ । आगामी संसदको विशेष अधिवेशमा विश्वासको मत लिनेबारे पनि छलफल भएको र अन्य दलसँगको जारी छलफल सघन ढंगले बढाउने र छलफललाई निरन्तरता दिने विषयमा कुराकानी भएको ज्ञवालीले जानकारी दिनुभयो ।

ओलीले वैशाख २७ गते संसद्मा विश्वासको मत लिने निर्णय गर्नुभएको छ । यसका लागि प्रधानमन्त्री ओलीले बुधबार प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटनुभएको थियो । यस्तै, जसपाका नेताहरूसँग पनि उहाँको छलफल चलिरहेको छ ।

स्थायी कमिटी बैठक सकिएलगत्तै प्रधानमन्त्री ओली राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्न शीतलनिवास जानुभएको थियो ।

## अस्ताउनुभयो...

« पृष्ठ १ बाट क्रमशः

पुस्तौंदेखि सांगीतिक माहोल रहेको प्रेमध्वजको परिवारमा हजुर बुबाको पनि बुबा नारायणकृष्ण प्रधानदेखि बाजे उत्तरध्वज प्रधान, बुबा रत्नध्वज प्रधान र आमा प्राणदेवी प्रधान पनि संगीत साधक हुनुहुन्थ्यो । त्यसैले पनि प्रेमध्वजलाई संगीतमा लाग्न उत्प्रेरणा मिलेको थियो ।

निधनअघिका विभिन्न अन्तर्वार्ताहरूमा प्रेमध्वजले आफ्नो सांगीतिक यात्राको विषयमा बोल्नेक्रममा भन्नुभएको थियो, 'मेरी आमा राजा त्रिभुवनकोमा आफ्नो १० वर्षको उमेरमा नाटक देखाउने समूहमा हुनुहुन्थ्यो रे । आफ्नो १९ वर्षको उमेरसम्म संगीतमै बिताउनुभएको थियो । त्यो कारणले पनि मेरो पहिलो गुरु आमा हुनुहुन्थ्यो ।' प्रेमध्वजको यो भनाइ अहिले सामाजिक सञ्जालमा सेयर भइरहेको भेटिन्छ । प्रेमध्वजले आफ्नो जीवनमा माता प्राणदेवी प्रधान, उस्ताज गणेशलाल श्रेष्ठ र भारतीय संगीतकार जयदेव गरी तीनजनालाई गुरु मान्नुहुन्थ्यो ।

प्रेमध्वजले संगीत सिक्ने क्रममा खासै नेपाली गीत थिएनन् । हिन्दी गीतको प्रभाव भएकाले कहींकतै रेडियोबाट हिन्दी गीत सुन्ने गर्नुहुन्थ्यो । त्योबेला रत्नशमशेर, नारायण गोपाललगायतका गायकहरू भेला भएर सांगीतिक गफ गर्थे । प्रेमध्वजले बुबाले कलकत्ताबाट रेडियो ल्याएपछि राति १० देखि १२ बजेसम्म गीत सुनेर संगीत सिक्ने गर्नुहुन्थ्यो । २००९ सालमा रेडियो नेपालमा स्वर परीक्षा पास गर्नुभएका प्रेमध्वज स्व. गायक नारायण गोपालभन्दा तीन वर्ष जेठो हुनुहुन्थ्यो ।

प्रेमध्वजले 'मायालु, माइतीघर, बदलिँदो आकाश, फेरि भेटौंला, जीवन संघर्ष' लगायतका नौ वटा चलचित्रमा गीत गाउनुभएको छ । उहाँलाई नेपाली सांगीतिक क्षेत्रमा 'गोल्डेन भ्वाइस' उपनामले पनि चिनिन्छ । सन् १९६५ मा प्रेमध्वजले उषा मंगेश्करसँग नेपाली चलचित्र 'माइतीघर'मा गीत गाउनुभएको थियो । यस्तै, उहाले आशा भोस्लेसँग 'मायालु इन बम्बे' नामक चलचित्रमा पनि स्वर दिनुभएको छ ।

## नागरिकको...

« पृष्ठ १ बाट क्रमशः

बढी नाफा लिन नपाउने गरी निजी दुईवटा कम्पनीलाई आयात अनुमति दिइएको छ ।' केसीले भन्नुभयो, 'अहिले यी दुई कम्पनीले सरकारको अनुमति पाएका छन् । यसमा विभागको काम अनुमति दिने मात्र हो ।' उहाँले कति समयभित्र ल्याउने भन्ने विषय आफूहरूको कार्यक्षेत्रमा नपर्ने धारणा राख्नुभयो । यस्तै, खरिद प्रक्रियाबारे आफूहरूलाई केही थाहा नहुने उहाँको भनाइ छ । केसीले भन्नुभयो, 'कति समयभित्र खोप ल्याउने र खरिद प्रक्रियाको विषय हाम्रो कार्यक्षेत्रभित्र पर्दैन । हाम्रो जिम्मेवारी अनुमति दिनु मात्र हो ।'

कोभिसिल्ड खोप नेपालमा करिब २१ लाख बढीले लगाइसकेका छन् । यसअघि स्वास्थ्य तथा जनसंख्यामन्त्री हृदयेश त्रिपाठीले खोप खरिदका लागि सरकार-सरकार (जिटुजी)बीच मात्रै गर्ने बताउनुभएको थियो । तर, संक्रमण बढदै जाँदा निजी कम्पनीहरूलाई खोप खरिदका लागि सामेल गराइएको छ ।

यसअघि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अक्सफोर्ड एस्ट्राजेनिकाले विकास गरेर सेरम इन्स्टिच्युट भारतले उत्पादन गरेको २० लाख डोज खोप खरिदका लागि गत फागुन ५ गते सम्झौता गरेको थियो । सम्झौताको एक हप्ताभित्र खोप आउने र सुरुमा १० लाख डोज खोप पठाएको थियो । १० लाख डोज पठाएको एक हप्तामा पुनः यति नै खोप पठाउने भने पनि कम्पनीले पठाएकै छैन । यता, सरकारले पुनः सेरमसँगै ५० लाख डोज खोप खरिद प्रक्रिया बढाएकै बेला एजेन्टहरू सरकारी तवरबाट रोक्न सफल भई निजीस्तरबाट खोप ल्याउने अनुमति पाउन सफल भएका छन् ।

## हुकमको...

« पृष्ठ १ बाट क्रमशः

हालसम्म नेपालमा खरिद भएको खोपमा आफ्नो सहभागिता नरहेको हुकमले विज्ञप्तिमार्फत जानकारी दिएको छ । सहमति भएबमोजिमको बाँकी १० लाख डोज खोप भारतमा फैलिएको महामारीको अत्यासलाग्दो दोस्रो लहरको मारमा परेको हुकमको दाबी छ । '२० लाख डोज भ्याक्सिन आयातको सहमति नेपाल सरकार र सिरम इन्स्टिच्युट बीचको सिधा खरिद सम्झौताका आधारमा भएको हो । आधिकारिक बिक्रेता हुनुको नाताले भ्याक्सिन ल्याउन समन्वय गर्नेबाहेक हाम्रो त्यसमा कुनै आधिकारिक सहभागिता छैन । बरु यसमा बुझ्नुपर्ने कुरा के छ भने यस खरिदमा सरकारी वार्ता टोली र हाम्राबीच भएको वार्ताबाट हामीले नियमसम्वत रूपमा पाउनुपर्ने सेवा शुल्कसमेत महामारीका बेला नागरिकप्रतिको सामाजिक उत्तरदायित्व महसुस गर्दै नलिने निर्णय गरेको र त्यसबापत स्वास्थ्य मन्त्रालयले पत्र लेखेरै धन्यवाद ज्ञापनसमेत गरेको सबैलाई विनम्र आग्रह गरिन्छ ।' विज्ञप्तिमा भनिएको छ । सरकारले नै आफूहरूले लिएको अग्रसरताबमोजिम काम नगर्दा खोप नआएको पनि हुकुमको दाबी छ । खोप ल्याउन सरकारका आधिकारिक निकायसमक्ष सबै प्रस्तावहरू पेश गरेकोबारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अवगत रहेकोसमेत विज्ञप्तिमा जिकिर गरिएको छ ।

रोकिएको खोप ल्याउन आफूहरू तत्पर रहेको र सोहीबमोजिम सरकारी संयन्त्रहरूलाई हात पनि अघि बढाउन पनि विज्ञप्तिमा आग्रह गरिएको छ ।

प्रधानमन्त्री केपी ओलीको निकट मानिने सुरज वैद्य सिरमका लागि नेपालस्थित आधिकारिक बिक्रेता पनि हुनुहुन्छ । नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)का पूर्व-अध्यक्षसमेत हुनुहुन्छ । उहाँलाई प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल भ्रमण वर्ष-२०२० को राष्ट्रिय कार्यक्रम संयोजकसमेत बनाउनुभएको थियो । नेपालमा हरेक कुरामा कमसिनको खेल हुने गरेको छ । पछिल्लो समय नागरिकको ज्यानमाथि कमिसनको प्रतिस्पर्धा भएको छ । कमिसनलाई रोक्न नसक्ने मन्त्री आफैं लाचार देखिएका छन् । आरोपित व्यापारी पानीमाथिको ओभानो बन्न विज्ञप्ति जारी गरेका छन् । नेपालमा कमिसनको जालो यस्तो छ कि नेपाली कांग्रेस नेतृ स्व. शैलजा आचार्य कृषि तथा सहकारी मन्त्री हुँदा कमिसनको जालो तोड्न नसकेको भन्दै राजीनामा दिनुभएको थियो । कमसिनको जालो पछिल्लो समय अझ मौलाउँदै गएको छ । जसरी पनि कमाउ धन्दामा लागेका केही व्यापरीहरूले यस्तो संवेदनशील विषयमा पनि कमिसनको चक्कर चलाइरहेका छन् ।

## कमिसन...

« पृष्ठ १ बाट क्रमशः

उहाँले सामाजिक सञ्जालमा पहिलो चरणको महामारीका बेला पनि ठूलो आर्थिक चलखेल गरी प्रधानमन्त्रीनिकट ओम्नी समूहलाई स्वास्थ्य सामग्री खरिदको जिम्मा दिइएको उल्लेख गर्नुभएको छ । 'पहिलो चरणको महामारीका समयमा ठूलो आर्थिक चलखेल गरी प्रधानमन्त्रीनिकट ओम्नी समूहलाई स्वास्थ्य सामग्री खरिदको जिम्मा दिइएको थियो,' उहाँले लेख्नुभएको छ, 'देश र जनता कोरोना संक्रमणको महामारीमा रहेको समयमा स्वयं प्रधानमन्त्रीकै छत्रछायाँमा रहेका व्यावसायीहरूले जनस्वास्थ्यमाथि गरेको यति ठूलो अपराध र बेइमानी कदापि क्षम्य हुन सक्दैन ।' यसको सबै जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्ने र समय आएपछि जनताले यसको हिसाब गर्ने कोइरालाले लेख्नुभएको छ ।

## निरन्तर उकालो...

« पृष्ठ १ बाट क्रमशः

यस्तै, एक हजार ९९३ जना डिस्चार्ज हुँदा ५८ जनाको मृत्यु भएको तथ्यांक मन्त्रालयको छ । २१ गते सात हजार ६६० जनामा संक्रमण देखिएकोमा एक हजार ७७५ जना निको भएका छन् भने, ५५ जनाको मृत्यु भएको थियो ।

यस्तै, २० गते सात हजार ४४८ जनामा कोरोना पुष्टि हुँदा दुई हजार २१ जना निको भएका थिए ३७ जनाको मृत्यु भएको थियो । १९ गते सात हजार २११ संक्रमित थपिएका थिए भने, २७ जनाको मृत्यु भएको थियो ।

१८ गते पाँच हजार ७६३ संक्रमित थपिँदा १९ जनाको मृत्यु, १७ गते पाँच हजार ७२७ संक्रमण देखिएको थियो भने ३३ जनाको मृत्यु भएको थियो । १६ गते चार हजार ९२८ संक्रमण पुष्टि हुँदा ३५ जनाको मृत्यु भएको थियो । १५ गते चार हजार ८९७ संक्रमित थप, १७ जनाको मृत्यु, १४ गते चार हजार ५२४ जनामा संक्रमण, १८ जनाको मृत्यु, १३ गते तीन हजार ५५६ जनामा संक्रमण १२ जनाको मृत्यु, १२ गते तीन हजार १२२ जनामा संक्रमण २८ जनाको मृत्यु, ११ गते दुई हजार ६१९ जनामा संक्रमण १४ जनाको मृत्यु र १० गते दुई हजार ५५९ जनामा संक्रमण पाँच जनाको मृत्यु भएको थियो । १० गतेसम्म सक्रिय संक्रमितको संख्या देशभरी १४ हजार ७२४ थियो भने मृतकको संख्या तीन हजार १२२ रहेको थियो ।

यस्तै, ९ गते दुई हजार ४२८ संक्रमित पाँच जनाको मृत्यु, ८ गते दुई हजार ३५१ संक्रमित २८७ डिस्चार्ज र १० जनाको मृत्यु, ७ गते एक हजार ७३६ संक्रमित, २५१ डिस्चार्ज र ११ जनाको मृत्यु, ६ गते एक हजार २८१ संक्रमित २५५ डिस्चार्ज र आठ जनाको मृत्यु, ५ गते एक हजार ९६ संक्रमित हुँदा निको भएका २६२ र आठ जनाको मृत्यु भएको थियो । ४ गते ८४३ जनामा संक्रमण, २२६ जना निको र पाँच जनाको मृत्यु, ३ गते ९०० संक्रमित चार जनाको मृत्यु, २ गते ५३४ जनामा संक्रमण पुष्टि भएको थियो । पाँच जनाको मृत्यु भएको थियो ।

### ■ मन्त्रीदेखि सांसदसम्मलाई कोरोना

कोरोना संक्रमणको ग्राफ बढिरहेको भए पनि सरकारको ध्यान भने सत्ता केन्द्रित भइरहेको आरोप लाग्ने गरेको छ । तर, प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी चार जना मन्त्रीलाई कोरोना पुष्टि भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकाल, ऊर्जामन्त्री टोपबहादुर रायमाझी, खानेपानीमन्त्री मणि थापा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री जुली कुमारी महतोलाई कोरोना पुष्टि भएको हो ।

ऊर्जामन्त्री रायमाझीकी श्रीमती योगमाया, छोरा सन्दीप र छोरी सन्ध्यालाई समेत कोरोना पुष्टि भएको थियो । अर्घाखाँचीमा वैवाहिक कार्यक्रमबाट फर्किएलगत्तै १४ वैशाखमा परीक्षण गर्दा उहाँलाई कोरोना पुष्टि भएको थियो ।

यस्तै, खानेपानीमन्त्री थापालाई पनि १७ वैशाखमा कोरोना संक्रमण पुष्टि भएको थियो । यस्तै, पर्यटमन्त्री ढकालसहित उहाँकी श्रीमती इन्दिरा फुयाँललाई आइतबार कोरोना संक्रमण पुष्टि भएको छ । मन्त्री महतोले बिहीबार ट्वीटरमार्फत आफूलाई कोरोना पुष्टि भएको जानकारी गराउनुभएको छ ।

प्रतिनिधिसभाका सांसदहरूलाई पनि कोरोना पुष्टि भइरहेको छ । बुधबार भएको परीक्षणमा चार जना सांसदलाई कोरोना देखिएको छ । दुई जना कर्मचारीमा पनि कोरोना पुष्टि भएको छ । संसद् सचिवालयका अनुसार बुधबार गरिएको पिसिआर परीक्षणमा लक्ष्मणलाल कर्ण, रामबाबु यादव, नरमाया ढकाल र पार्वती डिसीको रिपोर्ट पजेटिभ आएको हो । अझै केही सांसदहरूको रिपोर्ट आउन बाँकी रहेको छ । यसअघि नै ११ जना सांसदमा संक्रमण पुष्टि भइसकेको थियो । संसदको विशेष अधिवेशनको लागि ११ सय ३४ जनाको कोभिड-१९को पिसिआर परीक्षण गरिएको छ । बिहीबार परीक्षण भएकाहरूको रिपोर्ट आउन बाँकी रहेको छ । सभामुखका प्रेस संयोजक श्रीधर न्यौपानेका अनुसार नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा बुधबार ६०९ र बिहीबार ५२५ जनाको पिसिआर गरिएको हो ।

उहाँका अनुसार बिहीबार ६७ जना सांसद र संसद् सचिवालयका कर्मचारी, मर्यादापालक, स्वकीय सचिव, सुरक्षाकर्मी, संसदीय मामिला पत्रकार र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका कर्मचारी ४५८ गरी जम्मा ५२५ जनाको पिसिआर परीक्षण गरिएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा आफ्नो विश्वासको मतको अवस्था बुझ्न वैशाख २७ गते संसद्को विशेष अधिवेशनको सिफारिस गर्दै राष्ट्रपति कहाँ पठाउनुभएको थियो । सोहीअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख २७ गते दिउँसो १ बजेका लागि संसद् बैठक आह्वान गर्नुभएको छ ।

## सीमामा...

« पृष्ठ १ बाट क्रमशः

सर्लाही प्रहरीका प्रवक्ता मदन कुवँरको कथन छ । प्रहरीले यस्तो भनिरहँदा सर्लाहीको बलरा नगरपालिका-४ मा रहेको सीमा प्रहरी चौकी बलराबाट २०/२५ मिटरको दुरीमै मदीरा पसल सञ्चालनमा रहेको देखिन्छ । त्यस्तै, प्रहरी चौकी छन्की टोलानजिकै ६/७ वटा भट्टी पसल सञ्चालनमा छन् । जुन ठाउँ नेपाल भारत सीमाबाट ५० मिटर नेपालतर्फ रहेको छ । यसरी दशगजा नजिकै मदिरा पसल सञ्चालन गर्दासमेत यसको नियन्त्रणमा कसैको ध्यान पुगेको देखिँदैन । भारतीय नागरिक मदिरा सेवन गर्न नेपाल आउँदा रोग सँगसँगै सुरक्षाको हिसाबले समेत खतरा रहने यस क्षेत्रका जानकारहरू बताउँछन् ।

### ■ उच्च ज्वरो आएर दुई दिनमा चार जनाको मृत्यु, सयौं बिरामी

बलरा नगरपालिका-६, मिर्जापुर गाउँमा उच्च ज्वरो आएका चार जनाको ज्यान गएको छ । दुई जना ८०/८५ वर्षका वृद्धसहित चार जनाको ज्यान गएको बलरा नगरपालिकाका मेयर अभयकुमार सिंहले बताउनुभयो । उहाँका अनुसार गत आइतवार एकैदिनमा तीन जनाको गाउँमै र एकजनाको वीरगञ्जमा ज्यान गएको हो । वडा नं. ६ मिर्जापुर र वडा नं. ३, लक्ष्मीपुर गाउँका सयौं व्यक्तिमा ज्वरो आएको मेयर सिंहले बताउनुभयो । तर, स्वास्थ्यकर्मीहरूलाई गाउँमा खटाएर चेकजाँच गर्न खोज्दा गाउँलेहरू डराएर आफूलाई ज्वरो नआएको भन्दै पन्छिने गरेका मेयर सिंहले बताउनुभयो । कोरोना चेकजाँच गर्ने र त्यसपछि आइसोलेसनमा पठाउने डरले ज्वरो नै नआएको भन्दै ढाँट्न थालिएको मेयर सिंहको भनाइ छ । यसरी ज्यान जान थालेपछि स्वास्थ्य जाँच गर्न खोज्दा स्थानीयले भने नमानेको स्वास्थ्य कार्यालय मलंगवाले जनाएको छ । यसरी बिरामी परेको भनेर खबर प्राप्त भएपछि स्वास्थ्य कार्यालयबाट बिरामीहरूको अवस्था बुझ्न र आवश्यक परे पिसिआर परीक्षणका लागि स्वाबसमेत लिने काम गर्न स्वास्थ्य कार्यालयको एक समूह परिचालन गरेको भए पनि उनीहरूले परीक्षण गर्न नमानेको स्वास्थ्य कार्यालयका प्रमुख श्रवणकुमार नायकले बताउनुभयो । स्वास्थ्य परीक्षणको लागि २०० जनाको परीक्षणको लक्ष्य लिएर गएको स्वास्थ्यकर्मीको समूहले ४३ जनाको मात्र परीक्षण गर्न सफल भएको प्रमुख नायकको भनाइ छ । यसैबीच, बिहीबार पुनः चेकजाँचका लागि त्यसतर्फ स्वास्थ्यकर्मी पठाइएको प्रमुख नायकले बताउनुभयो ।

### ■ बजार अभावमा भारततर्फ जान बाध्य

नेपालतर्फ बजार नजिक नरहेकाले सर्लाहीको सीमा क्षेत्रका बासिन्दा भारतीय बजारको भरमा आफ्नो आवश्यकता पूर्ति गरिरहेका छन् । नेपालभन्दा तुलनात्मक रूपमा सस्तोमा सामान पाउने भएकाले समेत स्थानीयले भारततर्फ किनमेल गर्न जाने गरेका छन् । अहिले अवस्था भयावह बन्दै गए पनि सीमामै रहेको बलराका वासिन्दा किनमेल तथा औषधोपचारका लागि नजिकैको भारतीय बजार गइरहेका छन् । बलराबाट सदरमुकाम मलंगवा नगरपालिका ३३ किलोमिटर, बरहथवा किलोमिटर २६, किलोमिटर र रौतहट सदरमुकाम गौर १३ किलोमिटर दूरीमा पर्छ भने भारततर्फ बसबिट्टा बजार सीमासँग जोडिएको छ । मेजरगञ्ज बजार नेपाली सीमाबाट दुई किलोमिटर दक्षिणतर्फ रहेको छ । त्यसैले गर्दासमेत बलराका स्थानीय किनमेल गर्न भारत जाने गर्दछन् ।

### ■ सर्लाहीमा परीक्षण सुरु तर भएन समुदाय स्थरमा परीक्षण

सर्लाहीको जिल्ला अस्पताल मलंगवामा जडान गरिएको पिसिआर ल्याब यही वैशाख १७ गतेदेखि सञ्चालनमा ल्याएको भए पनि समुदायस्तरमा परीक्षण हुन सकेको छैन । हाल अस्पतालमा पुगेर स्वाब दिएकाको मात्र परीक्षण गर्न सकिएको अस्पतालका प्रमुख एवम् वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सञ्जीवकुमार सिंहले जानकारी दिनुभयो । हाल दैनिक एक सिफ्ट ल्याब सञ्चालनमा रहेकाले दैनीक ९४ जनाको मात्र परीक्षण गर्न सकिएको उहाँको भनाइ छ । प्राविधिक थप्न सके थप दुई सिफ्ट थप गर्न सकिने सिंहको भनाइ छ । अहिले सञ्चालनमा रहेको अवस्था हेर्दा सर्लाहीमा २० पालिका रहेको छ । एक पालिकाले दैनिक चार जनाको हाराहारीमा पिसिआर परीक्षण गर्न सकिने देखिन्छ । तर, जिल्लाभर नै ज्वरो र कोरोना संक्रमणसँग मिल्ने लक्षण भएका बिरामीहरू बढेपनि व्यापक परीक्षण भने हुन सकेको छैन् । चिकित्सकहरूले यो समयमा मौसम परिवर्तनसमेत भइरहेकाले ज्वरो आउँदैमा नआत्तिन तर डाक्टर हरूलाई देखाउन सुझाव दिइरहेका छन् ।

### ■ सीमामा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी तामाङको भनाइ

सरकारले सर्लाहीको सबै नाका बन्द गर्ने निर्णय गरेकाले सोहीअनुसार नेपाल-भारत दुवैतर्फको ओहोरदोहोर बन्द गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी हेमराज तामाङले जानकारी दिनुभयो । सरकारले प्रदेश २ मा महोत्तरीको भिठ्ठामोड, रौतहटको गौर र पर्साको वीरगञ्ज नाकाबाट मात्रै आवतजावत गर्न दिने निर्णय गरेको छ । बीचमा केही हप्ता मलङ्गवा नाकाबाट आवतजावत गर्न दिइएको भएपनि अहिले त्यो पनि बन्द गरिएको छ । जिल्लाका सबै नाकामा आवतजावत रोक्न निर्देशन आएको र सोही अनुसार सीमामा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी तामाङले बताउनुभयो ।

### ■ महामारिकै बीच स्वास्थ्य कार्यालयका प्रमुखको सरुवा

कोरोना संक्रमणको अवस्था बढ्दै गइरहेका बेला सर्लाहीको स्वास्थ्य कार्यालयका प्रमुख श्रवण कुमार नायकको सरुवा भएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयको चैत २४ गतेको निर्णयअनुसार मन्त्रालयको स्वास्थ्य महाशाखामा सरुवा गरिएको भन्दै नायकलाई पत्र आएको हो । त्यसपछि पुनः १६ वैशाखमा आफ्नो सरुवा संशोधन गर्दै स्वास्थ्य निर्देशनालयमा खटाइएको जानकारी दिइएको स्वास्थ्य कार्यालय प्रमुख नायकले बताउनुभयो ।

महामारी चुलिँदै गइरहेको अवस्थामा सरुवा भई रमाना लिएर जाने कि के गर्ने भन्नेमा अन्यौल रहेको नायकले हिमालय टाइम्सलाई बताउनुभयो । कार्यालयमा दुई जना सहकर्मी नै संक्रमित भएका र संक्रमणको दर बढ्दै गइरहेको अवस्थामा आफ्नो सरुवा गरेर महिनौंदेखि कार्यालयमा हाजिर नभएका कर्मचारीलाई प्रमुख बनाउने खेल भएको उहाँले गुनासो गर्नुभयो । यद्यपि, केही दिनअघि मात्रै जिल्ला आउनुभएका सामाजिक विकास मन्त्री नवलकिशोर साहले आफूलाई यहीं काम गर्न भनेको उहाँले बताउनुभयो । नायकले सर्लाही आएदेखि स्वास्थ्य कार्यालय र कार्यालयबाट प्रवाह हुने सेवामा थुप्रै सुधारका कदमहरू चाल्दै आउनुभएको छ ।


**सर्केगाड गाउँपालिका**
**गाउकार्यपालिकको कार्यालय**
**सर्केगाड, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०१/२४**

**यस सर्केगाड गाउँपालिका हुम्लाको आ.ब. ०७७/०७८ को लागि तपसिल बमोजिमको शितगृह भवन निर्माण योजना ठेक्का पट्टाबाट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि बोलपत्र खरिद गरि ३१ औँ दिनको १२:०० बजे भित्र रित पुर्बकको बोलपत्र दर्ता गर्न आव्हान गरिएको छ ।**

१. बोलपत्र फाराम रु ३००० (पछि फिर्ता नहुने ) तिरी यस कार्यालयबाट खरिद गर्न लिखित निवेदनको साथ चालु आ.ब. को लागि नवीकरण गरिएका इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मुल्य अभिबृध्दी कर दर्ता पत्रका प्रतिलिपिहरु (नोटरी गरेको)पेश गरी ३० औँ दिनको कार्यालय समय भित्र खरिद गरि ३१ औँ दिनको १२:०० बजे भित्र सिलबन्दी गरि बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता भएका बोलपत्र ३१ औँ दिनको २:०० बजे भित्र कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा सर्केगाड गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
२. बोलपत्र निम्न अनुसारको धरौटी रकम जमानत बापत सर्केगाड गाउँपालिकाको सिटिजन्स बैंक इन्टरनेसनल सर्केगाड शाखामा रहेको खाता नं ०६५०१०००००००६२०२ मा जम्मा गरिएको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिनको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयाको नाममा जारी गरिएको बिडबन्ड (बैंक ग्यारेन्टी ) पेश गर्नु पर्नेछ ।
३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने, र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा गरिने छ ।
४. बोलपत्र आइटम वाइज दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
५. ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएका व्योहोरा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिमका घोषणा पत्र बोलपत्र साथ बोलपत्र दाताले पेश गर्नु पर्नेछ ।
६. ठेक्का स्विकृत भए पछी ठेक्का अवधि भरमा मूल्य बृध्दि भए वापत थप दावी गर्न पाइने छैन ।
७. कुनै सर्त राखी म्याद नाघी आएको वा रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
९. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१०. विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं | कामको विवरण | लागत अनुमान कन्टिजेन्सी, भ्याट सहित रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM 142077/078/ | शिप्क शितगृह भवन निर्माण योजना | ८००००००/- | २०००००/- | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**